नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५१) काठमाडौं, भदौ १८ गते २०५८ साल (संख्या २०

भाग ३

श्री ५ को सरकार

स्वास्थ्य मन्त्रालयको सूचना

औषधि दर्ता (पहिलो संशोधन) नियमावली, २०५८

औषधि दर्ता नियमावली, २०३८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

औषधि ऐन, २०३५ को दफा ४० ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरु बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरुको नाम "औषधि दर्ता (पहिलो संशोधन) नियमावली, २०५८" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. औषधि दर्ता नियमावली, २०३८ को नियम ३ मा संशोधनः औषधि दर्ता नियमावली, २०३८ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ३ को उपनियम (२) मा रहेका "मनासिब देखेमा विभागले" भन्ने शब्दहरु पछि "अनुसूची-१४ मा तोकिए बमोजिमको दस्तूर लिई" भन्ने शब्दहरु थपिएका छन् ।

३. मूल नियमावलीको नियम ४ मा संशोधनः मूल नियमावलीको नियम ४ को उपनियम (२) मा रहेका "एकसय रुपैयाँ दस्तूर" भन्ने शब्दहरुको सट्टा "अनुसूची-१४ मा तोकिए बमोजिमको दस्तूर" भन्ने शब्दहरु राखिएका छन् ।

४. मूल नियमावलीमा नियम ४क. र ४ख. थपः मूल नियमावलीको नियम ४ पछि देहायका नियम ४क. र ४ख. थपिएका छन् :-

"४क. औषधि बिक्री वितरण गर्नु अघि दर्ता गर्नुपर्नेः (१) ऐनको दफा ८क. को उपदफा (१) को प्रयोजनको लागि उत्पादन अनुज्ञापत्र प्राप्त उद्योगले उत्पादन गरेको प्रत्येक औषधि बिक्री वितरण गर्नु अघि त्यस्तो औषधि बिक्री वितरण दर्ताको लागि देहायको विवरण सहित अनुसूची-४क. बमोजिमको ढाँचामा विभाग समक्ष दरखास्त दिनु पर्नेछ :-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) उत्पादित औषधिको प्रोडक्ट स्पेशिफिकेशन,

(ख) उत्पादित औषधिको विश्लेषण विधि तथा विभागले तोकेको प्रयोगशालाबाट गरेको परीक्षणको प्रतिवेदन,

(ग) मूल्य खुलेको लेवुल सहितको उत्पादित औषधिको नमूना,

(घ) विभागले तोकेका अन्य कुराहरु ।

(२) उपनियम (१) बमोजिम प्राप्त दरखास्त उपर आवश्यक जाँचबुझ गर्दा दरखास्तमा उल्लिखित औषधि बिक्री वितरण गर्न उपयुक्त देखेमा विभागले त्यस्तो औषधि दर्ता गरी प्रत्येक औषधिको लागि अनुसूची-१४ मा तोकिएबमोजिमको औषधि दर्ता दस्तूर लिई अनुसूची-४ख. बमोजिमको ढाँचामा औषधि बिक्री वितरण दर्ता प्रमाणपत्र दिनेछ ।

(३) यो नियम प्रारम्भ हुनु अघि ऐनको दफा ८ बमोजिम उत्पादन अनुज्ञापत्र प्राप्त गरेका प्रत्येक औषधि उत्पादकले आफूले उत्पादन गरेका प्रत्येक औषधि यो नियम प्रारम्भ भएको मितिले एक वर्षभित्र यस नियम बमोजिम दर्ता गराई औषधि बिक्री वितरण दर्ता प्रमाणपत्र लिनु पर्नेछ ।

४ख. <u>औषधि पैठारी गर्नु अघि दर्ता गर्नुपर्ने:</u> (१) ऐनको दफा ८क. को उपदफा (२) को प्रयोजनको लागि औषधि पैठारी गर्न चाहने व्यक्तिले आफूले पैठारी गर्न चाहेको औषधिका देहाय बमोजिमका विवरण सहित अनुसूची-४ग. बमोजिमको ढाँचामा औषधि पैठारी दर्ता प्रमाणपत्रको लागि विभाग समक्ष दरखास्त दिनु पर्नेछ:-

(क) उत्पादनकर्ताले औषधिको उत्पादनमा कुशल निर्माण प्रकृया (गुड म्यानुफ्याक्चरिङ प्राक्टिस) अनुशरण गरेको छ भनी आधिकारिक निकायले दिएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(ख) उत्पादित औषधिको प्रोडक्ट स्पेशिफिकेशन,

(ग) उत्पादित औषधिको विश्लेषण विधि तथा विभागले तोकेको प्रयोगशालाबाट गरेको परीक्षणको प्रतिवेदन,

(घ) फर्माकोपियल स्तर,

(ङ) उत्पादित औषधिको नमूना,

(च) विभागले तोके बमोजिमका अन्य विवरण ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि आयुर्वेदिक, होमियोप्याथिक र अन्य परम्परागत औषधि पैठारी गर्नको लागि उपनियम (१) बमोजिम दरखास्त दिँदा देहाय बमोजिमका विवरणहरु संलग्न गर्नु पर्नेछ :-

(क) ग्रन्थ वा शास्त्रमा उल्लिखित विवरण,

(ख) उत्पादित औषधिको प्रोडक्ट स्पेशिफिकेशन,

(ग) पेटेण्ट औषधिको हकमा सम्बन्धित निकायको सिफारिस,

(घ) उत्पादित औषधिको नमूना, र

(ङ) विभागले तोके बमोजिमका अन्य विवरण ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उपनियम (१) बमोजिम प्राप्त दरखास्त उपर विभागले आवश्यक जाँचबुझ गर्दा दरखास्तमा उल्लिखित औषधि पैठारी गर्न उपयुक्त देखेमा अनुसूची-४घ. बमोजिमको ढाँचामा दर्ता गरी प्रत्येक औषधिको लागी अनुसूची-१४ मा तोकिए बमोजिमको दस्तूर लिई अनुसूची-४ङ. बमोजिमको ढाँचामा प्रमाणपत्र दिनेछ ।

(४) उपनियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहाय बमोजिमको औषधि देहाय बमोजिमको अवस्थामा पैठारी गर्दा औषधि सल्लाहकार समितिको सिफारिसमा विभागले पैठारी सिफारिसपत्र दिन सक्नेछ :-

(क) जीवनरक्षक औषधिको हकमा सम्बन्धित चिकित्सकको प्रेशक्रिप्सनको आधारमा,

(ख) सरकारी वा गैरसरकारी निकाय वा संस्थालाई अनुदान स्वरुप प्राप्त भई पैठारी भएमा,

(ग) सरकारी निकायले अन्तर्राष्ट्रिय बोलकबोल प्रणाली अनुसार पैठारी गरेमा ।

५. मूल नियमावलीको नियम ५ मा संशोधन: (१) मूल नियमावलीको नियम ५ को सट्टा देहायको नियम ५ राखिएको छ :-

"५. औषधिको निकासी पैठारी गर्न सिफारिसपत्र लिनु पर्ने: (१) ऐनको दफा ९ को प्रयोजनको लागि औषधिको निकासी पैठारी गर्न चाहने व्यक्तिले अनुसूची-६ बमोजिमको ढाँचामा विभाग समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त दरखास्त उपर विभागले आवश्यक जाँचबुझ गर्दा दरखास्तमा उल्लिखित औषधि निकासी पैठारी गर्न उपयुक्त देखेमा अनुसूची-१४ मा तोकिए बमोजिमको औषधि निकासी-पैठारी दस्तूर लिई अनुसूची-७ बमोजिमको ढाँचामा औषधि निकासी पैठारी सिफारिसपत्र दिनेछ ।"

६. मूल नियमावलीको नियम ६ मा संशोधन: मूल नियमावलीको नियम ६ को उपनियम (२) मा रहेका "दर्ता गरी" भन्ने शब्दहरु पछि "अनुसूची-१४ मा तोकिए बमोजिमको दस्तूर लिई" भन्ने शब्दहरु थपिएका छन् ।

७. मूल नियमावलीको नियम ७ मा संशोधन: मूल नियमावलीको नियम ७ को उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छ :-

"(२) उपनियम (१) बमोजिम प्राप्त दरखास्त उपर विभागले आवश्यक जाँचबुझ गर्दा दरखास्तमा उल्लिखित औषधिको प्रचार वा विज्ञापन गर्न उपयुक्त देखेमा प्रचार वा विज्ञापन गर्ने प्रत्येक औषधिको लागि अनुसूची-१४ मा तोकिए बमोजिमको औषधि प्रचार वा विज्ञापन दस्तूर लिई ऐनको दफा १९ को अधिनमा रही अनुसूची-११ बमोजिमको ढाँचामा औषधिको प्रचार वा विज्ञापन अनुमतिपत्र दिनेछ ।"

८. मूल नियमावलीको नियम ८ मा संशोधन: मूल नियमावलीको नियम ८ को उपनियम (२) मा रहेका "मनासिब देखेमा" भन्ने शब्दहरु पछि "अनुसूची-१४ मा तोकिए बमोजिमको दस्तूर लिई" भन्ने शब्दहरु थपिएका छन् ।

९. मूल नियमावलीको नियम ९ मा संशोधन: (१) मूल नियमावलीको नियम ९ को सट्टा देहायको नियम ९ राखिएको छ :-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

253

"९. नवीकरण दस्तूर: यस नियमावली बमोजिम दिईएको कुनै पनि अनुमतिपत्र, प्रमाणपत्र, सिफारिसपत्र र अनुज्ञापत्र ऐनको दफा ११ को उपदफा (२) बमोजिम नवीकरण गर्दा अनुसूची-१४ मा तोकिए बमोजिम नवीकरण दस्तूर लाग्नेछ ।"

१०. मूल नियमावलीको नियम १० मा संशोधन: मूल नियमावलीको नियम १० को उपनियम (२) मा रहेको "विभागले" भन्ने शब्द पछि "अनुसूची-१४ मा तोकिए बमोजिमको दस्तूर लिई" भन्ने शब्दहरु थपिएका छन् ।

११. मूल नियमावलीको अनुसूचीमा संशोधन: मूल नियमावलीको,-

(१) अनुसूची-४ मा रहेका "र नियम ५ को उपनियम (२)" भन्ने शब्दहरु झिकी सोही अनुसूचीमा रहेका "अधिनमा रही" भन्ने शब्दहरु पछि "उत्पादन गर्न" भन्ने शब्दहरु थपिएका छन् ।

(२) अनुसूची-४ पछि यसैसाथ संलग्न अनुसूची-४क., ४ख., ४ग., ४घ. र ४ङ. तथा अनुसूची-१३ पछि यसैसाथ संलग्न अनुसूची-१४ थपिएका छन् ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

258

अनुसूची-४क.
(नियम ४क. को उपनियम (१) सँग सम्बन्धित)

श्री व्यवस्थापकज्यू,
औषधि व्यवस्था विभाग ।

औषधि बिक्री वितरण दर्ता प्रमाणपत्रको लागि दरखास्त

महोदय,

त्यस विभागबाट मिति .....मा दिईएको उत्पादन अनुज्ञापत्र नं. .....वमोजिमको औषधि बिक्री वितरणको लागि उपयुक्त भएकोले औषधि दर्ता नियमावली, २०३८ को नियम ४क. को उपनियम (२) वमोजिम बिक्री दर्ता प्रमाणपत्रको लागि देहायका विवरण सहित रु. ५।- को टिकट टाँसी यो दरखास्त पेश गरेको छु/गरेका छौं ।

१. बिक्री दर्ता प्रमाणपत्र लिन चाहेको औषधिको,-
(क) नाम :-
(ख) प्रणाली :-
(ग) समूह र उपसमूह :-
(घ) बनावट :-
(ङ) सक्रिय तत्व र परिमाण (प्रति एकाइ) :-
(च) म्याद नाघ्ने अवधि :-
(छ) फर्माकोपियल स्तर :-
(ज) खुद्रा मूल्य :-
(झ) विश्लेषण परीक्षण गराएको प्रयोगशाला र सो प्रयोगशालाबाट दिएको विश्लेषण परीक्षण प्रतिवेदनको नं..... र मिति.....

२. अन्य विवरण,-
(क) औषधिको आकार, रंग, नाप वा तौल, स्वाद र वासना, प्याकिङको तरीका, लेवुलमा उल्लेख भएका विवरण सम्बन्धी विस्तृत विवरण उल्लेख भएको प्रोडक्ट स्पेशिफिकेशन संलग्न छ/छैन
(ख) औषधि परीक्षण विश्लेषण गर्ने विधि संलग्न छ/छैन
(ग) औषधिको लेवुल, कार्टुन र नमूना संलग्न छ/छैन

दरखास्त दिने व्यक्तिको,-
सही.....
नाम र थर.....
ठेगाना.....
मिति.....

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग संस्करण

अनुसूची- ४ख.
(नियम ४क. को उपनियम (२) सँग सम्बन्धित)

श्री ५ को सरकार
स्वास्थ्य मन्त्रालय
औषधि व्यवस्था विभाग

औषधि बिक्री वितरण दर्ता प्रमाणपत्र

वि.द. प्रमाणपत्र न.

महाशय,
औषधि ऐन, २०३५ को दफा ८क. को उपदफा (१) र औषधि दर्ता नियमावली, २०३८ को नियम ४क. को उपनियम (२) बमोजिम देहायको औषधिको बिक्री वितरण दर्ता प्रमाणपत्र दिईएको छ ।

(१) औषधिको,-
(क) नाम :-
(ख) प्रणाली :-
(ग) समूह र उपसमूह :-
(घ) बनावट :-
(ङ) सक्रिय तत्व र परिमाण (प्रति एकाइ) :-
(च) म्याद नाघ्ने अवधि :-
(२) प्रोडक्ट स्पेसिफिकेशन (प्रमाणित प्रतिलिपि संलग्न) :-
(३) बिक्री दर्ता प्रमाणपत्र वापत बुझिलिएको दस्तूर रु.....
(४) प्रमाणपत्रको म्याद :-

प्रमाणपत्र पाउनेको,-
नाम र थर.....
ठेगाना.....
प्रमाणपत्र बुझिलिने व्यक्तिको,-
नाम र थर.....
सही.....
मिति.....

प्रमाणपत्र दिने अधिकृतको,-
सही .....
नाम र थर.....
दर्जा.....
मिति.....

द्रष्टव्य : विभागमा पेश गरेको प्रोडक्ट स्पेशिफिकेशन, लेबुल र माथि उल्लिखित विवरणमा कुनै परिवर्तन गर्नु परेमा विभागबाट पूर्व अनुमति लिनु पर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

प्रमाणपत्रमा संशोधन

मिति	संशोधनको विवरण

नवीकरण

म्याद थप अवधि		दस्तूर	अधिकारीको सही	कैफियत
मितिदेखि	मितिसम्म			

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

256

अनुसूची- ४ग.

(नियम ४ख. को उपनियम (१) सँग सम्बन्धित)

श्री व्यवस्थापकज्यू,
औषधि व्यवस्था विभाग ।

औषधि पैठारी दर्ता प्रमाणपत्रको लागि दरखास्त

महोदय,

औषधि ऐन, २०३५ को दफा ८क. को उपदफा (२) तथा औषधि दर्ता नियमावली, २०३८ को नियम ४ख. को उपनियम (१) बमोजिम औषधि पैठारी दर्ता प्रमाणपत्र पाउन देहायका विवरण सहित रु. ५।- को टिकट टाँसी यो दरखास्त पेश गरेको छु / गरेका छौं ।

१. पैठारी दर्ता प्रमाणपत्र लिन चाहेको औषधिको,-

(क) नाम :-
(ख) प्रणाली :-
(ग) समूह र उपसमूह :-
(घ) वनावट :-
(ङ) सक्रिय तत्व र परिमाण (प्रति एकाइ) :-
(च) म्याद नाघ्ने अवधि :-
(छ) फर्माकोपियल स्तर :-
(ज) खुद्रा मूल्य :-
(झ) विश्लेषण परीक्षण गराएको प्रयोगशाला र सो प्रयोगशालाबाट दिएको विश्लेषण परीक्षण प्रतिवेदनको नं. ..... र मिति.....

२. अन्य विवरण,-

(क) औषधिको आकार, रंग, नाप वा तौल, स्वाद र वासना, प्याकिङको तरीका, लेबुलमा उल्लेख भएका विवरण सम्बन्धी विस्तृत विवरण उल्लेख भएको प्रोडक्ट स्पेशिफिकेशन संलग्न छ / छैन
(ख) औषधि परीक्षण विश्लेषण गर्ने विधि संलग्न छ / छैन
(ग) औषधिको लेबुल, कार्टुन र नमूना संलग्न छ / छैन

दरखास्त दिने व्यक्तिको,-
सही.....
नाम र थर.....
ठेगाना.....
मिति.....

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-४घ
(नियम ४ख. को उपनियम (३) सँग सम्बन्धित)

दर्ता किताब

औषधि ऐन, २०३५ र औषधि दर्ता नियमावली, २०३८ को अधिनमा रही पैठारी गर्न देहायको औषधि देहाय बमोजिम दर्ता गरिएको छ :-

दर्ता नम्बर	औषधिको											कैफियत
	नाम	प्रणाली	समूह र उपसमूह	वनावट	प्रकार वा किसिम	रंग	सक्रिय तत्वको नाम	सक्रिय तत्वको परिमाण	सेवनबाट निको हुने रोग	उत्पादन गर्ने कम्पनी र देशको नाम	दर्ता गर्ने अधिकारीको सही र मिति	

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, संकलक

अनुसूची-४ङ.
(नियम ४ख. को उपनियम (३) सँग सम्बन्धित)

श्री ५ को सरकार
स्वास्थ्य मन्त्रालय
औषधि व्यवस्था विभाग

औषधि पैठारी दर्ता प्रमाणपत्र

पै.द. प्रमाणपत्र नं.

औषधि ऐन, २०३५ को दफा ८क. को उपदफा (२) र औषधि दर्ता नियमावली, २०३८ को नियम ४ख. को उपनियम (३) बमोजिम देहायको विवरण खोली औषधि पैठारी दर्ता प्रमाणपत्र दिईएको छ ।

१. औषधिको,-
   (क) नाम :-
   (ख) प्रणाली :-
   (ग) समूह र उपसमूह :-
   (घ) बनावट :-
   (ङ) सक्रिय तत्व र परिमाण (प्रति एकाइ) :-
   (च) म्याद नाघ्ने अवधि :-
२. उत्पादनकर्ताको,-
   (क) नाम :-
   (ख) ठेगाना र देश :-
३. पैठारी दर्ता प्रमाणपत्र बापत बुझि लिएको दस्तूर रु.:-
४. प्रमाणपत्रको म्याद :-

पैठारी दर्ता प्रमाणपत्र पाउनेको,-
नाम र थर.....
ठेगाना.....

प्रमाणपत्र बुझिलिने व्यक्तिको,-
सही.....
नाम र थर.....
मिति.....

प्रमाणपत्र दिने अधिकृतको,-
सही .....
नाम र थर.....
दर्जा.....
मिति.....

द्रष्टव्य: विभागमा पेश गरेको प्रोडक्ट स्पेशिफिकेशन, लेवुल र माथि उल्लिखित विवरणमा कुनै परिवर्तन गर्नु परेमा विभागबाट पूर्व अनुमति लिनुपर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

प्रमाणपत्रमा संशोधन

मिति	संशोधनको विवरण

नवीकरण

म्याद थप अवधि		दस्तूर	अधिकारीको सही	कैफियत
मितिदेखि	मितिसम्म			

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

389

अनुसूची-१४

(नियम ३ को उपनियम (२), नियम ४को उपनियम (२), नियम ४क. को उपनियम (२), नियम ४ख.को उपनियम (३), नियम ५ को उपनियम (२), नियम ६ को उपनियम (२), नियम ७ को उपनियम (२), नियम ८ को उपनियम (२), नियम ९ र नियम १० को उपनियम (२) सँग सम्बन्धित)

दस्तूर

सि.न.	विवरण	शुरु दस्तूर रु.	नवीकरण दस्तूर रु.
१	नियम ३ को उपनियम (२) अनुसार उद्योग स्थापना सिफारिसपत्रको लागि	२००।-	-
२	नियम ४ को उपनियम (२) अनुसार उत्पादन अनुज्ञापत्रको लागि	२००।-	५०।-
३	नियम ४क. को उपनियम (२) अनुसार बिक्री वितरण दर्ता प्रमाणपत्रको लागि	१००।-	५०।-
४	नियम ४ख. को उपनियम (३) अनुसार पैठारी दर्ता प्रमाणपत्रको लागि	२००।-	१००।-
५	नियम ५ को उपनियम (२) अनुसार निकासी पैठारी सिफारिसपत्रको लागि	२००।-	१००।-
६	नियम ६ को उपनियम (२) अनुसार पसल दर्ता प्रमाणपत्रको लागि:-		
	(क) पचासहजार रुपैयाँसम्मको पुजी भएमा	२००।-	१००।-
	(ख) पचासहजार एक रुपैयाँदेखि एकलाख रुपैयाँसम्मको पुँजी भएमा	५००।-	२५०।-
	(ग) एकलाख एक रुपैयाँदेखि पाँचलाख रुपैयाँसम्मको पुँजी भएमा	१,०००।-	५००।-
	(घ) पाँचलाख एक रुपैयाँदेखि वढी जतिसुकै पुँजी भएमा	२,०००।-	१,०००।-
७	नियम ७ को उपनियम (२) अनुसार प्रचार वा विज्ञापन अनुमतिपत्रको लागि:-		
	(क) दुरदर्शनवाट प्रचार वा विज्ञापन अनुमतिपत्रको लागि	५,०००।-	२,५००।-
	(ख) छापा वा अन्य माध्यमवाट प्रचार वा विज्ञापन अनुमतिपत्रको लागि	२,०००।-	१,०००।-
८	नियम ८ को उपनियम (२) अनुसार क्लिनिकल ट्रायल अनुमतिपत्रको लागि	५,०००।-	-
९	नियम १० को उपनियम (२) अनुसार अनुमतिपत्र, प्रमाणपत्र, सिफारिसपत्र र अनुज्ञापत्रको प्रतिलिपिको लागि:-		
	(क) पहिलो पटकको लागि	५०।-	-
	(ख) दोश्रो वा सोभन्दा वढी प्रत्येक पटकको लागि	१००।-	-

आज्ञाले,
महेन्द्रनाथ अर्याल
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

302

श्री ५ को सरकार

सूचना तथा संचार मन्त्रालयको सूचना

श्री ५ को सरकारले श्रमजीवी पत्रकार सम्वन्धी ऐन, २०५१ को दफा ११ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी खण्ड४७, पूर्वातिरिक्ताङ्क ५२ (क+२), मिति २०५४ साल माघ ६ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित पारिश्रमिक तथा क्षतिपूर्ति निर्धारण समिति गठन सम्वन्धी यस मन्त्रालयको सूचना (यसपछि सूचना भनिएको) मा देहाय वमोजिम हेरफेर गरेको छः-

(१) सूचनाको खण्ड (क) को सट्टा देहाय वमोजिमको खण्ड (क) राखिएको छः-

"(क) श्री पुष्करलाल श्रेष्ठ, आजको समाचारपत्र दैनिक, काठमाण्डौं -अध्यक्ष"

(२) सूचनाको खण्ड (ङ),(च) र (छ) को सट्टा देहाय वमोजिमको खण्ड (ङ),(च) र (छ) राखिएको छः-

"(ङ) श्री केदार सुवेदी , विमर्श साप्ताहिक -सदस्य

(च) श्री नारायण कार्की, पोखरा -सदस्य

(छ) श्री गणेशदेव, राजविराज, सप्तरी -सदस्य "

आज्ञाले,
श्रीराम पौडेल
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

श्री ५ को सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्ययन मन्त्रालयको
सूचना

श्री ५ को सरकारले शाही नेपाल वायुसेवा निगमका कर्मचारीहरुको सेवा, शर्त र सुविधा सम्बन्धी नियमावली, २०५८ को नियम १ को उपनियम (२) को अधिकार प्रयोग गरी सो नियमावली २०५८ साल भदौ १८ गतेदेखि प्रारम्भ हुने गरी तोकेको छ ।

आज्ञाले,
बरुणप्रसाद श्रेष्ठ
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मात्र लागु हुनेछ